## जिल्ला विकास समितिको कार्यालय, भक्तपुर

५६. **मालपोतको अभिलेख** – गत वर्ष रु.२८ लाख ७३ हजार मालपोत असुल भएकोमा यो वर्ष रु.८ लाखको अनुमानमध्ये रु.५ लाख २६ हजारमात्र प्राप्त भएको छ । मालपोत असुली र बाँकीको अद्यावधिक अभिलेख नराखेको व्यहोरा गत विगत देखि औंल्याउदै आएकोमा यो वर्षपनि स्थिति यथावत रहेको छ ।

५७. **हर्जाना** – विभिन्न आय ठेक्का तथा खानीबाट निर्माण सामग्री निकासी बापत बुझाउनुपर्ने रोयल्टी तोकिएको समयमा नबुझाएमा लिनुपर्ने सुद बापत रु.१ लाख ३६ हजार र थप रोयल्टी शुल्क रु.१२ हजार समेत रु.१ लाख ४० हजार असुल गरेको छैन ।

५८. **ठेक्का असुली** – हाड, छाला, सिङ तथा प्वाँख ठेक्का सम्झौता अनुसार रु.१० लाख ६६ हजार प्राप्त गर्नुपर्नेमा रु.६ लाख ८६ हजारमात्र प्राप्त गरी रु.३ लाख ७९ हजार घटी असुल गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।